**२०७५ साल कार्तिक १६ गते शुक्रवार बसेको मन्त्रिपरिषद्को १८ औं बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश नं. ५ को प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** रिब्दीकोट गाउँपालिकाको नाम संशोधन गरी रिब्दीकोट-भैरब राख्ने सम्बन्धमा सम्बन्धित गाउँपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

३. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने।

४. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५, संघ संस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने।

५. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** प्रदेश नं. ५, सिँचाइ सेवाको निर्माण एवम् व्यवस्थित गर्न बन्ने विधेयकका सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने।

६. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** प्रदेश नं. ५, विद्युतको विकास निर्माण एवम् व्यवस्थित गर्न बन्ने विधेयकका सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने।

७. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** प्रदेश नं. ५, खानेपानी सेवाको विकास एवम् व्यवस्थित गर्न बन्ने विधेयकको सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने।

८. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** प्रदेश नं. ५, जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ लाई स्वीकृती प्रदान गर्ने।

९. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः** प्रदेश नं. ५, औद्योगिक व्यवसायसम्बन्धी कानूनी व्यवस्था गर्न बन्ने विधेयकको सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने।

१०. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः** प्रदेश नं. ५, बीउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

११. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः** प्रदेश नं. ५, मल व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

१२. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः** प्रदेश नं. ५, दाना पदार्थ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने ।

१३. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः** प्रदेश नं. ५, स्वास्थ्य सेवासम्बन्धी व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने ।